# लिखु तामाकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

धोबी बजार, रामेछाप | बागमती प्रदेश, नेपाल

सम्वत् २०८३ साल जेठ १३ गते बसेको लिखु तामाकोशी गाउँपालिका गाउँ कार्यपालिकाको बैठकले गरेको निर्णयहरुः

## गाउँ कार्यपालिका बैठक संख्याः ०२/२०८३

| क्र.स. | विषयगत समिति क्षेत्र | निर्णयहरुको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | संस्थागत विकास तथा सुशासन क्षेत्र | १) मिति २०८३ बैशाख २१ गतेको कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनका अवस्था लगायतका विषयमा समीक्षा गरियो।<br>२) लिखु तामाकोशी गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी यस अघि सम्पादन भइसकेको कार्यलाई संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ बमोजिम पुनःसर्वेक्षण गर्ने गराउने कार्यसम्पन्न गरी सम्बन्धित निकायमा पेश गराउने निर्णय पारित गरियो | |
| २ | आर्थिक विकास क्षेत्र | ३) आर्थिक वर्ष २०८१/०८२ मा प्रधानमन्त्री कृषि आधुनीकरण परियोजना अन्तर्गत नयाँ गाई/भैसी पकेट विकास कार्यक्रम सञ्चालन कार्यक्रम र बाख्रा स्रोत केन्द्र कार्यक्रमको आवश्यक कार्यान्वयन प्रकृया अगाडी बढाउने निर्णय गरियो। | |
| ३ | सामाजिक विकास क्षेत्र | ४) गाउँपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता (WASH) योजना निर्धारित प्रक्रिया पूरा गरी तयार गर्ने निर्णय गरियो।<br>५) बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ र बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ बमोजिम वि.सं.२०८७ सालसम्म सबै स्थानीय तहलाई बालमैत्री बनाउने लक्ष्य पूरा गर्न निर्देशिका र कार्यविधिको अधिनमा रही उक्त कार्यक्रम चरणबद्ध रुपमा कार्यान्वयन गर्न पालिकास्तरमा बालमैत्री स्थानीय शासन सञ्चालन गर्नका लागि बालमैत्री स्थानीय शासन गाउँ समिति गठन गरियो।<br>६) गाउँपालिका अन्तर्गत गाउँ खेलकुद विकास समितिद्वारा आयोजित मिति २०८३ साल बैशाख २४ देखि २७ गतेसम्म सञ्चालित अध्यक्ष/उपाध्यक्ष खुल्ला पुरुष भलिबल प्रतियोगिता सञ्चालन तथा व्यवस्थापनका सम्बन्धमा निर्णय गरियो।<br>७) संघीय सशर्त अनुदानमा आधारित कार्यक्रम अन्तर्गत नागरिक आरोग्य सेवा केन्द्र सञ्चालन तथा अभियान शीर्षकमा प्राप्त कार्यक्रमको कार्यान्वयन गर्नका लागि नियमानुसार सेवा करारमा चौथो तहको अभिकर्ता (वैद्य) को पदपूर्तीका लागि विज्ञापन गर्ने निर्णय गरियो।<br>८) गणतन्त्र दिवसको अवसरमा विविध कार्यक्रम सञ्चालन गरी सभ्य-भव्य रुपमा मनाउनका लागि गणतन्त्र दिवस समारोह समिति गठन गर्ने निर्णय गरियो।<br>९) गाउँपालिका वडा नं.२ निवासी रविन्द्र पौडेलले छोरा अनिश पौडेललाई आर्थिक सहयोग पाउँ भनी निवेदन दिएको हुनाले निजलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो | |
| ४ | पूर्वाधार विकास क्षेत्र | | |
| ५ | वतावरण तथा विपद् व्यवस्थापन क्षेत्र | | |

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम माथि उल्लेखित निर्णयहरु सर्बसाधारणका लागि प्रकाशन गरिएको छ।

**द्रष्टव्यः** निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित विषयगत क्षेत्र/शाखा/महाशाखाबाट उपलब्ध हुनेछ।

०८३।२।१३

प्रकाशराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत